श्रीकृष्ण माविलाई 'स्कूल बस' । पृष्ठ ४ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक





● मकवानपुर, वर्ष-१४, ● अंक-३९ ● २०७८ चैत २८ गते सोमबार, ● 11 April 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


## घटना दर्ता र सामाजिक सुरक्षा भत्तामा

# थाहाः 'अनलाइनमा अब्बल'


विकास संवाददाता
थाहानगर


राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले अनलाइनमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली शुरू गरेको सात वर्ष पूरा भएको छ । तत्कालिन केन्द्रीय पञ्जीकरण विभागले २०७१ माघदेखि काठमाडौं महानगरपालिका वडा नम्बर १६ बाट प्रणाली शुभारम्भको घोषणा गरिएको हो । यद्यपि पालिकाहरूले २०७३ चैतबाट औपचारिक रूपमा प्रणालीको प्रयोग गरेको विभागको वेभसाइटमा अभिलेख छ । अहिले यो प्रणाली देशभरका ५ हजार ९४१ वडा कार्यालयले प्रयोग गरिरहेका छन् । देभरका अझै ८०२ वटा वडाले यो प्रणाली अपनाएकै छैनन् ।

विभागले तयार गरेको अनलाईन स्थानीय पालिकाहरूको वडा कार्यालयबाट हुने घटना दर्ताको प्रणाली मार्फत सिधै काठमाण्डौंको सिंहदरबारमा रहेको केन्द्रीय डाटा सेन्टरमा अभिलेख बस्नेछ । पालिकाहरूले यो प्रणाली अपनाउँदा कागजको बचत एकातिर हुन्छ भने सुरक्षाका दृष्टिले अझै प्रभावकारी हुने मकवानपुर थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरी बताउँछन् । प्रमुख प्रशासकीय अधिकृत पुरी भन्छन्-'अभिलेख सुरक्षामा यो प्रणालीले असाध्यै प्रभावकारी हुने भएकाले हामीले यसलाई शुरूबाटै अपनाउँदै आएका छौं ।'



## मकवानपुरमा थाहाबाटै प्रणाली प्रारम्भ

व्यक्तिगत घटना दर्ताको अनलाइन प्रणाली प्रयोगको शुरुवात जिल्लाको थाहा नगरपालिकाबाटै प्रारम्भ भएको हो । थाहा




प्रणालीमा व्यक्तिको जन्म, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ र मृत्युको अनलाइन दर्ता गरिरहेको छ । व्यक्तिको जीवनकालमा हुने विभिन्न घटनामध्ये जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेदको विवरण राख्ने काम नेपालमा २०३३ सालबाटै शुरू गरि एको हो । समयानुकल यस कार्यलाई परिमार्जन गर्दै हाल अनलाइन प्रणालीमा प्रविष्टी गर्न थालिएको हो ।

नगरपालिकाले वडा नम्बर १२ बाट प्रणाली शुभारम्भ गरेको थियो । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेभसाइटमा राखिएको अभिलेख अनुसार थाहा नगरपालिकाले २०७४ साउन ३० गतेबाटै प्रणाली प्रयोग गरेको हो ।

जिल्लाको उत्तरी ग्रामिण क्षेत्रको पालिका भएर पनि थाहानगरले प्रणाली शुरूमै प्रयोग गरेको अभिलेख छ । १२ वटा वडा रहेको थाहा नगरपालिकाले इन्टरनेट नभएका वडाहरूमा क्रमशः विस्तार गर्दै २०७५ फागुन १५ गते पूर्ण अनलाइन घटना दर्ता पालिका भएको थियो । पालिकाको तत्कालिन कार्यकारी अधिकृत भिम बहादुर परियारले शुभारम्भ गरेको प्रणाली प्रयोगलाई कार्यकारी अधिकृत हरिलाल पुरीले पूर्ण अनलाइन घोषणाको अवसर पाएका हुन् ।

प्रणाली प्रयोग गर्ने जिल्लामा दोस्रो मकवानपुरगढी गाउँपालिका रहेको छ । मकवानपुरगढीले २०७४ भदौ २३ गतेबाट प्रणाली कार्यान्वयनमा ल्याएको थियो । विभागको अभिलेख अनुसार प्रणाली कार्यान्वयनको तीनवर्ष पछि २०७७ माघ २ गते मकवानपुरगढी पूर्ण अनलाइन घटना दर्ता कार्यान्वयन पालिका भएको हो । त्यस्तै बागमती प्रदेशकै एक मात्र उपमहानगरपालिका हेटौंडाले २०७६ जेठ ३ गतेबाट मात्र घटना दर्ताको अनलाइन प्रणालीको शुरू गरेको हो भने चालु आर्थिक वर्षबाट मात्र पूर्ण अनलाइन घटना दर्ता पालिका भएको हो ।

मकवानपुरका १० पालिका मध्ये राक्सिराङ गाउँपालिकाले अनलाइन घटना दर्ता नै थालेको छैन भने जिल्लाको सबैभन्दा कम क्षेत्रफल भएको इन्द्रसरोवर गाउँपालिकाले २०७८ जेठबाट प्रणाली शुरू गरेको हो । त्यस्तै भिमफेदी गाउँपालिकाले २०७७ माघ १५, बागमती गाउँपालिकाले २०७८ माघ ११ गतेबाट, बकैयाले २०७७ भदौ २६, मनहरीले २०७७ साउन ४ गते र कैलाश गाउँपालिकाले २०७८ असार ६ गतेबाट मात्र अनलाइन घटना दर्ता शुरू गरेका हुन् ।

## मकवानपुरमा १३ वडामा अझै छैन अनलाइन घटना दर्ता

मकवानपुर जिल्लामा अनलाइन घटना दर्ता प्रारम्भ भएको ४ वर्ष वितिसक्दा पनि अझै पूर्ण अनलाइन घटना दर्ता जिल्ला हुन सकेको छैन । जिल्लाको राक्सिराङ गाउँपालिकाको पूरै ९ वटै वडामा व्यक्तिगत घटना दर्ता अनलाइन हुन सकेको छैन । पालिकाले परम्परागत शैलीमा हातैले लेखेर घटना दर्ता गर्ने गरेको छ ।

त्यस्तै बाग्मती गाउँपालिकाको ९ मध्ये ५ वटा वडामा मात्र अनलाइन घटना दर्ता संचालन भैरहेको छ । बाग्मतीले २०७८ साल माघ ११ गतेबाट मात्र अनलाइन घटना दर्ता शुरू गरेको हो । बागमतीको वडा नम्बर ३, ५, ६ र ८ मा अझै अनलाइन घटना दर्ता थालेको छैन ।

बाग्मती गाउँपालिकाले अन्तिम पटक २०७८ चैत १४ गते वडा नम्बर ९ मा अनलाइन घटना दर्ता शुरू गरेको छ ।

## थाहालाई विभागको सम्मान

थाहा नगरपालिकाले अनलाइन घटना दर्ता र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अनलाइन व्यवस्थापन सूचना प्रणाली



(एम.आइ.एस.) मा इन्ट्री गरेकोमा विभागबाट सम्मान पाएको छ । विभागले २०७४ सालमा थाहा नगरपालिकालाई सम्मान गरेको पालिकाका पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा प्रमुख


बाँकी पृष्ठ ५ मा





प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# सम्पादकीय

## निर्वाचन खर्च सीमा: व्यवहारमै उतार

निर्वाचन आयोगले स्थानीय तह निर्वाचन तोकेसगै निर्वाचनमा उम्मेदवारले बढीमा साढे सात लाख रुपैयाँसम्म खर्च सीमा निर्धारण गरेको छ । महानगरका प्रमुख र उपप्रमुखले बढीमा सात लाख ५० हजार, उपमहानगरका प्रमुख र उपप्रमुखले बढीमा पाँच लाख ५० हजार, नगरपालिकाका प्रमुख र उपप्रमुखले चार लाख ५० हजार तथा गाउँपालिका अध्यक्ष र उपाध्यक्षले तीन लाख ५० हजार रुपैयाँसम्म निर्वाचन प्रचारप्रसारमा खर्च गर्न पाउने गरी आयोगले सीमा निर्धारण गरेको छ । त्यस्तै महानगरका वडाध्यक्ष र सदस्यले तीन लाख ५० हजार, उपमहानगरका वडाध्यक्ष र सदस्यले दुई लाख ५० हजार, नगरपालिकाका वडाध्यक्ष र सदस्यले दुई लाख तथा गाउँपालिकाका वडाध्यक्ष र सदस्यले एक लाख ५० हजार खर्च गर्न पाउने गरी आचारसंहिता जारी गर्न लागेको आयोगले जनाएको छ । २०७४ को निर्वाचनमा निर्धारण गरेको खर्चको सीमा नै यस वर्ष पनि कायम गरिएको आयोगले जनाएको छ ।

निर्वाचनलाई पारदर्शी र मितव्ययी बनाउन खर्च सीमा निर्धारण गर्नु सही छ तर यसको कार्यान्वयन पक्ष फितलो हुँदा तोकिएको भन्दा निकै ठूलो परिमाणमा चुनाव गर्न हुने गरेको विगतले देखाइसकेको छ । निर्वाचन आयोगले नीतिगतरुपमा यस्तो व्यवस्था गरेको भए पनि व्यवहारमा भने ठीक उल्टो अवस्था छ । अघिल्लो स्थानीय तह निर्वाचनकै अभ्यास हेर्ने हो भने पनि तोकिएकोभन्दा चार गुणा बढी खर्च गरेको पाइएको थियो । हरेक उम्मेदवारको अन्तिम उद्देश्य जसरी पनि चुनाव जित्नु हुन्छ । उनीहरुले सबैभन्दा बढी खर्च कार्यकर्ताको खानपानमा गर्दछन् । बढ्दो महंगी र चुनावमा उम्मेदवारको धेरै खर्च गरिदिनुपर्छ भन्ने कार्यकर्ताको गलत मनोवृत्तिका कारण पनि चुनाव खर्च निकै बढ्ने गरेको छ । त्यसका साथै चुनाव चिन्ह अंकित टिसर्ट, टोपी, झोला आदि वितरण गर्ने प्रवृत्ति पनि खुबै बढेको छ । जसले गर्दा एउटा वडाध्यक्षले नै बीस तीस लाखसम्म खर्च गर्ने अवस्था देखिन थालेको छ, यो चिन्ताको विषय हो । उम्मेदवारहरुले निर्वाचन आयोग समक्ष चुनावी खर्च भने आयोगले तोकेको समयसीमाभित्र रहेर पेश गर्ने गरेका छन् । आयोगले खर्चको सीमा तोकेर कुनै अनुगमन गर्दैन, जसले गर्दा उम्मेदवारले जति खर्च विवरण बुझाए पनि आयोग मान्न बाध्य हुनुपर्ने अवस्था छ । जसले गर्दा उम्मेदवारको खर्च सीमा औपचारिक मात्रै हुने गरेको छ ।

कुनै उम्मेदवारले निर्वाचन आचारसंहिता विपरीत बढी खर्च गरेको पुष्टि भएमा आचारसंहितामा उल्लेख भएअनुसार कारवाही गर्ने व्यवस्था भए पनि अहिलेसम्म त्यस्तो कारवाही गरेको उदाहरण देखिएको छैन । नेपालको तराई क्षेत्रमा अझ बढी चुनाव खर्च हुने गरेको छ । यसको एउटा कारण भारतीय निर्वाचनको सिको गरेर पनि हो । भारतमा पनि निर्वाचन खर्चको सीमा तोकिएको छ तर यो निकै ज्यादा छ । भारतमा विधानसभा निर्वाचनमा ४० लाखसम्म र लोकसभा चुनावमा ९५ लाखसम्म खर्च गर्न पाइने व्यवस्था छ । जसले गर्दा भारतीय राजनीतिमा हुनेखानेको मात्रै पहुँच छ । त्यसो त पूँजीवादी व्यवस्थामा हुने यस्तै हो । पूँजीवादमा राज्यसत्ताले पूँजीपतिकै हितमा काम गर्ने भएकाले त्यो ठाउँमा पूँजीपतिहरु पुग्ने स्थिति रहन्छ । तर नेपालको विशेषता अलि फरक छ । यहाँ आम नागरिकमा राजनीतिक सचेतना बढी भएकाले जुन वर्गबाट पनि राजनीतिमा जानसक्ने सम्भावना रहन्छ तर त्यसका लागि निर्वाचन प्रणाली सहज र सस्तो हुनु आवश्यक छ । निर्वाचन खर्च महंगो हुन थालेको छ । यसले एकातिर राजनीतिमा हुनेखानेहरुको मात्रै पहुँच स्थापित हुँदै जाने खतरा छ भने अर्कोतिर चुनावमा लागेको खर्च उठाउन जनप्रतिनिधिले भ्रष्टाचार उन्मुख हुन सक्छन् । त्यसैले निर्वाचन आयोगले तोकेको खर्चसीमा व्यवहारमै कार्यान्वयन हुनु आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# घटना दर्ताको महत्व, समस्या र समाधान



गायत्रीरमण घिमिरे

मुलुकमा बसोबास गर्ने प्रत्येक व्यक्तिको जन्म, मृत्यु लगायतका महत्वपूर्ण व्यक्तिगत घटनाहरूलाई आधिकारिक रूपमा रेकर्ड राख्नुलाई व्यक्तिगत घटनादर्ता वा पञ्जीकरण भनिन्छ ।

सबैजसो देशहरूले घटना दर्ताको सर्वमान्य सिद्धान्तअनुसार यसलाई स्थायी, अविच्छिन्न तथा अनिवार्य कार्यको रूपमा निरन्तरता दिइरहेका हुन्छन् । यद्यपी कस्ता कार्यलाई घटना मान्ने भन्ने विषयमा देशको आवश्यताअनुसार फरक पर्ने गर्छ । जसअन्तर्गत सम्बन्धित कार्यालयहरूले रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरण सम्बन्धी कार्यहरू पर्दछन् ।

प्रमुख, पञ्जीकरण तथा सामाजिक सुरक्षा उप-शाखा, धुलिखेल नगरपालिका बच्चा जन्मिएपछि उसको पहिलो प्रशासनिक भेट वडा कार्यालयको स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी हुने जन्मदर्ता प्रमाणपत्रमार्फत हुने गर्दछ ।

जन्म दर्ताकै आधारमा व्यक्तिको पहिचान हुने गर्दछ । कानूनी मान्यता र आजीवन सुरक्षा सुनिश्चितताको साथै अन्य सबै किसिमका अधिकारहरूको प्रयोगका लागि महत्वपूर्ण औजारको रूपमा जन्म दर्तालाई लिन सकिन्छ । विश्वव्यापी रूपमा हेर्ने हो भने ५ बर्ष मुनिका एक चौथाई बालबालिका प्रशासनिक रेकर्डमा समेटिन सकेका छैनन् ।

दीगो विकासको लक्ष्यअनुसार सन् २०३० सम्म सबैको पहिचान कायम गर्ने लक्ष्य राखिएको छ । घटना दर्ता अन्तराष्ट्रियस्तरमा महत्व पाएको विषय पनि हो ।

एसिया र प्रशान्त क्षेत्रका लागी संयुक्त राष्ट्र संघीय आर्थिक तथा सामाजिक आयोगसँग नेपालले सन् २०२४ सम्म आफ्ना सबै नागरिकको जन्मदर्ता शत प्रतिशत पुर्याउने प्रतिवद्धता गरेको छ ।

साथै अन्य व्यक्तिगत घटना दर्तामा समेत उल्लेख्य बृद्धि गर्नु पर्ने भएकोले सोही लक्ष्य हासिल गर्नेतर्फ अगाडी बढ्नु पर्ने छ । घटना दर्ता कार्यक्रम राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सक्रियतामा स्थानीय तहहरू मार्फत अनलाईन प्रवृष्टि गर्ने कार्यक्रम छ । जसले पैंतालिस प्रतिशतभन्दा बढी जनसंख्या ओगटेको छ । घटना दर्ताको सघन अभियानबाट ती लक्ष्यहरू पुरा हुन सक्ने देखिन्छ ।

### घटना दर्ताको कानूनी व्यवस्था

नेपालमा जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराई, धर्मपुत्र तथा धर्मपुत्री दर्ता र भ्रूण मृत्युलाई कानूनले समेटेको छ । यसैगरि संयुक्त राष्ट्रसंघले प्रत्यक्ष जन्म, मृत्यु, भ्रूण मृत्यु, विवाह, सम्बन्ध बिच्छेद, अलग बस्ने, अंगीकार, कानूनी व्यवस्था, मान्यता र विवाह रद्दलाई मुख्य घटनाको रूपमा परिभाषित गरेको छ ।

### व्यवस्थित पञ्जीकरणले पार्ने प्रभाव

पञ्जीकरण व्यवस्थित हुँदा यसले पार्ने बहुआयमिक सकरात्मक प्रभाव पार्छ । पहिलो त व्यक्तिको कानूनी पहिचान स्थापित हुन्छ । व्यक्तिले गर्नुपर्ने सरकारी काममा घटना दर्ताको प्रमाणपत्रलाई घटेको घटनाको प्रमाणको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

जस्तै जन्मदर्ताका आधारमा विद्यालय भर्ना, नागरिकता प्राप्ति, बैंक खाता खोल्न, बैदेशिक जान, नाबालक परिचयपत्र बनाउन काम गर्दै आएका छौँ ।

यसैगरि व्यवस्थित पञ्जीकरणले राष्ट्रको नीति निर्माणलाई वस्तुपरक बनाउन मद्दत गर्छ । व्यवस्थित पञ्जीकरणले सही तथ्यांक दिन्छ । सही तथ्यांकले प्रक्षेपित योजनाहरूलाई सफल बनाउँछ ।

सहि तथ्यांक छैन भने योजनाहरू हचुवामा बन्छन् । हचुवामा बनेका योजना सफल हुन्छ भन्ने कुनै ग्यारेन्टी हुँदैन । त्यसैले योजना तथा नीति निर्माण गर्दा व्यक्तिगत घटना दर्ताको जनसांख्यिक तथ्यांक महत्वपूर्ण मानिन्छ ।

यसैगरि व्यवस्थित पञ्जीकरणबाट जनसांख्यिक तथ्यांक प्राप्त हुन्छ । शत प्रतिशत घटना दर्ता भएमा हरेक १० बर्षमा जनगणना गर्नु नपर्ने भई राज्यको ठूलो धनराशी बचत हुन्छ । विश्वव्यापीकरण तिव्र रूपमा भैरहेको आजको युगमा व्यक्तिगत घटनाले सम्बन्धित देशमा मात्र नभई अन्तराष्ट्रिय रूपमा समेत प्रभाव पारेको देखिन्छ ।

### धुलिखेल नगरपालिकामा पञ्जीकरणको अवस्था

धुलिखेल नगरपालिकामा ब्यक्तिगत घटना दर्ता अर्थात पञ्जीकरणको अवस्था राम्रो छ भन्न सकिन्छ । हामीले २०३६ बैशाख १ गतेदेखि अनलाईन हुनुभन्दा अगाडीसम्मका सम्पूर्ण डाटाहरू डिजिटाईजेशन गरिसेका छौँ । हाल अनलाईनमार्फत घटना दर्ताको काम भईरहेको छ ।

दर्ता शिविर सञ्चालन र घर दैलोमार्फत तथ्यांक संकलन गरि सबै घटनाको दर्ता कार्य सम्पन्न भएको छ । २०७२ चैत्र देखिका सम्पूर्ण घटनालाई अनलाईनमार्फत दर्ता गरिएको छ ।

त्यसदेखि यता अहिलेसम्म अनलाईन इन्ट्रीलाई निरन्तरता दिईएको छ । केही छुटेको हुन सक्ला ! यसबाट धुलिखेलमा ९८ प्रतिशत घटना दर्तामा समेटिएको निश्कर्षमा पुग्न सकिन्छ ।

### यसका फाईदाहरू,

१) घटना दर्तामा दोहोरोपना नहुने

२) प्रत्येक नागरिकको विशिष्ट पहिचान संख्या (व्यक्तिगत आईडी) सृजना हुने र यसले अन्य सरकारी कार्यमा सरल र सहज हुने,

३) व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सुरक्षित हुने भएकोले ढड्डा प्रणालीमा हुन सक्ने आगलागी तथा अन्य कारणले नासिने प्रवृतिबाट मुक्त भै म्बतब सुरक्षित हुने,

४) नागरिकले घरमा नै बसी अनलाईनमार्फत व्यक्तिगत घटना दर्ताको सूचना पेस गर्न सकिने,

५) जनसांख्यिक तथ्यांक एक क्लिकका भरमा प्राप्त गर्न सकिने,

६) केन्द्रबाट प्रत्येक दिन हुने व्यक्तिगत घटना दर्ताको अनलाईन अनुगमन गर्न सकिने,

७) सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्न सहज र सरल हुने,

८) प्रमाण पत्रमा एकरूपता हुने,

### घटना दर्ताको समस्या र समाधान

अनलाईन व्यक्तिगत घटना दर्ता गर्न इन्टरनेट अत्यावश्यक छ । तर धुलिखेलसहित धेरै स्थानीय तहले इन्टरनेटको समस्या झेलिरहेका छन् । यसै गरि आम नागरिकमा घटना दर्ता प्रतिको साक्षरता कमजोर छ ।। यसैगरि स्थानीय तहमा दक्ष जनशक्तिको अवाभ छ ।

वडा-वडाबाट अनलाईन घटना दर्ता गर्न सबै वडामा अप्टिकल फाईबर पुर्याउनु पर्दछ । यसैगरि नागरिक तहमा सचेतना अभियान सञ्चालन गर्नु पर्छ । साथै कर्मचारीलाई समायनुकुल तालिम, प्रोत्सहान सुविधाहरू दिइनु पर्छ ।

### राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग अपेक्षा

१) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले घटनादर्तालाई अझ व्यवस्थित र चुस्त बनाउनका लागि हाल सञ्चालनमा रहेको व्यक्तिगत घटनादर्ता र सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा देशभित्रका जुनसुकै स्थानका नागरिकका घटनालाई हरेक पालिकाले दर्ता गर्नसक्ने बनाउने,

२) अस्पतालहरूमा जन्मिएका बच्चाको अस्पतालले नै दर्ता गर्ने

३) घाटहरूमा लाश जलाउँदा सोही स्थान वा त्यहीँको वडामा तत्काल मृत्यु दर्ताको व्यवस्था गराउने ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# बालबालिका स्कुल जान किन डराउँछन् ?

बच्चाहरूले 'मलाई स्कुल जान मन लाग्दैन' भन्ने गरेको धेरैपटक सुन्नुभएको होला । कतिपय बच्चा त विद्यालय नजान भनेर रूवावासी समेत गर्ने गर्छन् । अन्त्यमा उनीहरूको रोएको देखेर अभिभावकले उनीहरूलाई विद्यालय पठाउँदैनन्, तर धेरैपटक अभिभावकहरूको मनमा यो प्रश्न आउँछ कि आफ्नो बच्चा किन विद्यालय जानबाट यति डराउँछ ?

यसबाहेक कतिपय अभिभावकहरू यस्ता हुन्छन् जसले बालबालिकाको डर र विद्यालय नगएको कारण बुझ्नुको सट्टा आफ्नो बच्चा झुट बोलेको वा बहाना बनाएर कुटपिट गरेर विद्यालय पठाउँछन् । माथिका दुई घटनामध्ये कुन उचित हुन्छ ? धेरैपटक बालबालिकाले अभिभावकहरूले बच्चालाई विद्यालय पठाउनै सक्दैनन् ।

कोरोना महामारीपछि अहिले विद्यालय खुल्न थालेका छन्, यो अवधिमा बालबालिकालाई विद्यालय पठाउन मुस्किल भइरहेको छ । यस्तो अवस्थामा बच्चालाई पिटेर भन्दा पनि उनीहरूको समस्या बुझेर व्यवहार गर्नुपर्छ ।

### बच्चा किन स्कुल जान डराउँछन् ?

बच्चाले विद्यालय जान नरूचाउनुमा विद्यालयमा उनीहरूमाथि हुने विभिन्न किसिमका विभेद मुख्य कारण रहेको मनोविद्हरू बताउँछन् । मनोविद् विजय ज्ञवाली विद्यालयमा विद्यार्थीहरूबीच हुने अस्वस्थ प्रतिस्पर्धा र शिक्षकले गर्ने विभेदका कारण पनि बालबालिका विद्यालय जानबाट डर मान्ने गरेको सुनाउँछन् । बालबच्चा विद्यालय जान डराउनुमा निम्न कारण हुने मनोविद्हरू बताउँछन् ।

### असफलताको डर

बालबालिकाको मन निकै नरम हुन्छ । विद्यालयको पहिलो दिनमा उनीहरूमाथि केही असहज हुने व्यवहार गरियो वा उनीहरूलाई खिस्याउने वा हप्काउने काम गरियो भने उनीहरू विद्यालय जान मान्दैनन् । त्यस्तो अवस्थामा तिनीहरूको दिमागमा आत्मविश्वासको कमी हुन सक्छ र तिनीहरू हरेक दिन विद्यालय जान डराउन थाल्छन् ।

यति मात्र होइन, यसका कारण बालबालिका असफल हुन नचाहेका कारण केही नयाँ प्रयास गर्न डराउँछन् त्यही अनुरूप उनीहरू विद्यालय जान पनि डराउने गरेको उनीहरूको भनाइ छ ।

### सामाजिक परिस्थितिको डर

पहिलोपटक जब बच्चा घरबाट विद्यालय जान्छन्, उनीहरूमा अपरिचित मान्छेसँग पनि डर हुन्छ । त्यसकारण उनीहरू बाहिरका मानिसहरूसँग खुलेर बोल्न सक्दैनन् । अर्को बच्चासँग कुरा गर्दा वा शिक्षकले केही सोध्दा पनि उनी रून थाल्छन् । यसबाहेक विद्यालयको नियम पालना गर्न पनि उनीहरूले सहजै सक्दैनन् । त्यसैले सामाजिक परिस्थितिको कारणले पनि उनीहरूमा डरको सिर्जना गराउँछ ।

### अरू बच्चाको तुलनामा आफूलाई कम मूल्यांकन गर्दा

स्कुलको प्रारम्भिक दिनमा बच्चाले आफ्ना साथी वा सहपाठीसँग सबै कुरामा प्रतिस्पर्धा गर्छन् । पढाइ होस् वा खेलकुद होस् उनीहरू अरूभन्दा अघि बढ्न चाहन्छन् । त्यो सही पनि हो । तर



कहिलेकाहीं बच्चाहरू हार्ने वा अरूभन्दा पछि परिन्छ भन्ने भयले पनि विद्यालय जान डराउँछन् । तर विद्यालय जान थालेपछि बिस्तारै साथीहरूलाई राम्रोसँग बुझ्न थाल्छ । अन्य बच्चाको तुलनामा सिक्न धेरै समय लगाउने बच्चा पनि विद्यालय जानुपूर्व बढी डराउने गर्छन् ।

### घरपरिवारबाट टाढा रहनुपर्ने डर

जन्मेदेखि २-३ वर्षको उमेरसम्म बच्चाले परिवारका सदस्यसँग मात्रै समय बिताउँछ । यदि बाहिरका व्यक्ति वा स्कुलको दैनिकीसँग परिचित नहुँदा उनीहरू असहज महसुस गर्छन् ।

आमाबुवाबाट टाढा हुनुपर्दा उनीहरू रूने गर्छन् । जसकारण पनि उनीहरू विद्यालय जाने बेलामा डराउँछन् ।

### अरूबाट अलग हुने डर

स्कुलको प्रारम्भिक दिनमा साथीहरूमाझ कमजोर ठहराउँदा र प्रश्नको जवाफ दिन नसक्दा शिक्षकले गाली गर्दा पनि उनीहरूमा विद्यालय जान डर लाग्न सक्छ ।

अभिभावकले पनि आफ्ना बच्चाको कमीकमजोरी हटाउन मद्दत गर्नुको साटो उल्टो गाली गर्दा उनीहरूको मनोबल घट्छ । जसकारण उनीहरू विद्यालय जान मन पराउँदैनन् ।

# स्वाद र पौष्टिक तत्व नमर्ने गरी कसरी पकाउने तरकारी ?

हाम्रो भान्सामा विभिन्न प्रकारका सागसब्जीको प्रयोग हुन्छ । टमाटर, पालक, लौका जस्ता तरकारी पोषणले भरिपूर्ण हुन्छन् भने धनियाँ र कढीपत्ता औषधिको रूपमा पनि प्रयोग गर्न गरिन्छ ।

तर तरकारी पकाउने बेलामा भने हामी त्यति ख्याल भने गर्दैनौं । तरकारी पकाउँदा पौष्टिक तत्व नष्ट हुनेगरी धेरैबेर पकाउने गर्छौं ।

तरकारीलाई कम पकाएर त्यसमा भएको पोषक तत्वलाई बचाउन सकिने पोषणविद्हरू बताउँछन् ।



### टमाटरः

दाल, तरकारी र मासुजन्य खानेकुरामा टमाटरको प्रयोग गरिन्छ । तर टमाटरलाई जति धेरै पकायो त्यति नै त्यसमा भएको पोटासियम र भिटामिन सी नष्ट हुँदै जान्छ । काँचो टमाटर स्वास्थ्यका लागि फाइदाजनक मानिन्छ ।

दालमा टमाटर राख्नु छ भने स-सानो गरेर काटेर पाकिसकेपछि माथिबाट राख्नुपर्छ । यसका साथै भेलपुरी,, चनाजोर गरम आदिमा राखेर पनि टमाटर खान सकिन्छ ।

### पालकः

शरीरमा आइरनको कमी भए चिकित्सकले पालकको तरकारी खान सल्लाह दिन्छन् । १०० ग्राम पालकमा ९१ प्रतिशत पानी र तीन ग्राम प्रोटिन पाइन्छ । यसमा भिटामिन सी, भिटामिन के, क्याल्सियम, फाइबर र ओमेगा-३ पाइन्छ ।

मांसाहारी परिवारका लागि पालक निकै फाइदाजनक मानिन्छ । पालकलाई पकाएर खाँदा त्यसमा भएको प्राकृतिक जल नष्ट हुन्छ । पालकलाई पकाएर खानु भन्दा सफा पानीमा उमालेर, मनतातो पानीमा पकाएर तथा पाकिसकेको दालमा काटेर राख्दा स्वास्थ्यका लागि लाभदायक मानिन्छ ।

यस्तो गर्दा दालमा स्वाद आउँछ भने पालकमा भएको पौष्टिक तत्व कायम रहन्छ ।

### कुन्दरूः

कुन्दरूमा मधुमेह नियन्त्रण गर्ने गुण हुन्छ । यसमा फाइबर पाइने हुँदा यसले मोटोपन घटाउन मद्दत गर्छ । काँक्रा जस्तो गरी कुन्दरूलाई काँचै सलादका रूपमा प्रयोग गर्न सकिन्छ ।

यसका अतिरिक्त पुदिना, सिमला मिर्च, टुसा पलाएको अनाजलाई पनि काँचै खान सकिन्छ । सलादका रूपमा यसमा माथिबाट थप कागती, हरियो खुर्सानी, धनियाँ र प्याज समेत प्रयोग गर्न सकिन्छ ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |







# पालिका प्रमुख र उपप्रमुखको एउटै स्वर-'जिससको भूमिका अब्बल'



◆ विकास संवाददाता

मकवानपुरका स्थानीय तहका प्रमुख/उपप्रमुखहरूले बितेको ५ वर्षमा जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले अभिभावकाको भुमिका निर्वाह गरेको बताएका छन् । जिसस मकवानपुरद्धारा २१ चैतमा आयोजित स्थानीय तह समन्वय बैठकमा सहभागि स्थानीय तहका प्रमुख/उप्रमुख, प्रमुख प्रशासकिय अधिकृतलगायत सहभागिहरूले मकवानपुरको समृद्धि र विकासकालागि जिसस मकवानपुरले मार्गदर्शकको रूपमा भुमिका निर्वाह गरेको बताएका हुन् ।

जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालको अध्यक्षतामा बसेको बैठकमा थाहा नगरपालिकाका मेयर लवशेर विष्टले जिससले पारदर्शी र सहयोगीको भुमिका निर्वाह गरेको बताए । जिससबाट सधैं स्थानीय तहलाई सकारात्मक उर्जा प्रदान भएको भन्दै वितेको ५ वर्षमा स्थानीय तहलाई सबल र सक्षम बनाउनमा जिससको भुमिका प्रशंसनिय रहेको बताए । यस्तै थाहा नगरपालिकाका उपमेयर खड्ग गोपालीले हरेक क्षेत्रमा जिससबाट पक्षपात रहित साथ र सहयोग प्राप्त भएको बताए । 'जिसस नेतृत्व भन्दा हामी फरक दलबाट निर्वाचित भएपनि कहिल्यै हामीले त्यस्तो महशुस गरेनौं ।' - उनले भने ।

कार्यक्रममा मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष बिदुर हुमागाईले जिससको भुमिका सहजकारी र सन्तोषजनक रहेको बताए । स्थानीय तहमा कति पय समस्याहरू आउँदा त्यसको समाधानका लागि जिससले महत्वपूर्ण भुमिका निर्वाह गरेको उनको भनाई थियो । यस्तै मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले जिससले सधैं अभिभावको भुमिका निर्वाह गरेको बताए । समन्वय र सहजिकरणका साथै जिससलाई अधिकार थपेर जिल्लाकै अभिभावकको रूपमा विकास गर्नु पर्ने उनको भनाई थियो ।

कार्यक्रममा ईन्द्रसरोवर गाउँपालिकाकी उपाध्यक्ष उमाकुमारी लामाले अनुगमन र समन्वयमा जिसस मकवानपुरले अब्बल काम गरेको भन्दै धन्यवाद दिइन् । कैलाश गाउँपालिकाकी कार्यबाहक अध्यक्ष सुकुमाया थिङले जिससबाट अनुगमन लगायत विकास निर्माणमा सहजिकरण हुनुका साथै स्थानीय तहलाई सचेत बनाएको बताइन् । हरेक क्षेत्रमा जिससबाट सहयोग प्राप्त भएको उनको भनाई थियो । भीमफेदी गाउँपालिकाकी उपाध्यक्ष पार्बती रानाले प्राप्त अधिकार अनुसार जिसस मकवानपुरले प्रभावकारी काम गरेको बताइन् । जिससबाट सधैं उपर्युक्त दिशा निर्देश हुनुका साथै समन्वय प्राप्त भएको उनको भनाई थियो । उनले देशका अन्य जिससको तुलनामा जिसस मकवानपुरले अब्बल काम गरेको समेत उनले बताइन् ।

कार्यक्रममा वरिष्ट पत्रकार प्रताप बिष्टले अहिलेका जनप्रतिनिधिहरू संस्थापक भएको भन्दै संस्थापक भएकोमा गर्व गर्नुपर्ने बताए । उनले जिसस मकवानपुरले संस्थापक हुँदै जिल्लाका स्थानीय तहलाई दिशानिर्देश गर्नमा अब्बल भुमिका निर्वा गरेको उनको भनाइ थियो । उनले जिल्लामा एउटा मार्ग कोरीएको र आगामी दिनमा आउने जनप्रतिनिधिले सोहि मार्गमा रहि काम गर्ने वातावरण बनेको समेत बताए । कार्यक्रममा गैसस महासंघका केन्द्रिय सचिव बुद्धशरण लामाले जिससले हरेक क्षेत्रमा उत्तम समन्वय गरेको पाईएको बताए । यस्तै गैसस मकवानपुरका अध्यक्ष डा. कृष्ण धितालले बितेको ५ वर्षमा जिससबाट सौहार्दपूर्ण वातावरण प्राप्त भएको उल्लेख गरे ।

कार्यक्रममा जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालले सबैको साथ र सहयोगबाट मात्र जिससले काम गर्न सकेको भन्दै यसका लागि सबैलाई धन्यवाद व्यक्त गरे । उनले स्थानीय तहलगायत सबै सरोकारवालाको साथ र सहयोग साथै सकारात्मक भुमिकाका कारण स्रोत साधनको अभावमा पनि थुप्रै काम गरेको भन्दै केहि अधुरा काम जस्तै सरूवा रोग अस्पतालका लागि रकम विनियोजन गरेर पनि केहि कारणले काम अगाडी बढाउन नसकेकोमा दुख व्यक्त गरे ।

यस्तै उपप्रमुख भगवती पुडासैनीले स्थानीय तहबाट सकारात्मक सकयोग प्राप्त भएको बताइन् । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महत, बागमती गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत राम प्रसाद सापकोटा, राक्सिराङ गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत देवचन्द्र गर्तौला, जिससका शाखा अधिकृत सुनिता कुमारी गजुरेललगायतको सहभागिता थियो ।

# भिमफेदी गाउँपालिकाले दियो श्रीकृष्ण माविलाई 'स्कूल बस'

◆ विकास संवाददाता

मकवानपुरको भिमफेदी गाउँपालिकाले श्री कृष्ण माध्यमिक विद्यालयलाई 'स्कूल बस' हस्तान्तरण गरेको छ । पालिकाको वडा नम्बर २ भैसेमा रहेको उक्त विद्यालयलाई पालिका कार्यालय भिमफेदीमा एक कार्यक्रमको आयोजना गरी 'स्कूल बस' हस्तान्तरण गरिएको हो । कार्यक्रममा गाउँपालिका अध्यक्ष हिदम लामाले विद्यालयका प्रधानाध्यापक कृष्णलाल श्रेष्ठलाई बसको चाबी हस्तान्तरण गरेका हुन् ।

टाटा कम्पनीको उक्त बसको सिट क्षमता ४१ रहेको छ । यसअघि पनि एउटा 'स्कूल बस' संचालन गरिरहेको श्री कृष्ण माविलाई विद्यालय क्षेत्र विस्तार भएसंगै थप ुस्कूल बसु सहयोग गरिएको पालिकाले जनाएको छ ।

चार सय ५२ विद्यार्थी अध्ययन गर्ने उक्त विद्यालयमा २ सय भन्दा बढि विद्यार्थी



यातायात सुविधा विना सहजै विद्यालयको पहुँचमा आउन नसक्ने अवस्थामा रहेको विद्यालयले जनाएको छ । बस हस्तान्तरण गर्दै 'स्कूल बस' को प्रयोगबाट बालबालिकाको शिक्षामा पहुँच बढेको पालिका अध्यक्ष हिदम लामाले प्रतिक्रिया दिए ।

पालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत २८ लाख बजेटबाट 'स्कूल बस' खरिद गरिएको हो ।

'स्कूल बस' हस्तान्तरण कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष पार्वती राना, प्रमुख प्रशासकीय अधिकृत भिम महर्जन, योजना शाखा प्रमुख बद्री सापकोटा, २ नम्बर वडा अध्यक्ष काशीराम बज्यु, शिक्षा शाखा प्रमुख तथा अन्य कर्मचारी र जनप्रतिनीधिहरूको सहभागिता रहेको थियो ।

# राक्सिराङका किसानलाई अनुदानमा कृषियन्त्र र सामाग्री वितरण

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकाले कृषियन्त्र तथा सामाग्री वितरण गरेको छ । पालिकाले २७ चैतमा एक कार्यक्रमको आयोजना गरी किसानहरूलाई सामाग्री वितरण गरेको हो ।

आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पालिका क्षेत्रमा रहेका ७ वटा कृषक समूहलाई ७५ प्रतिशत अनुदानमा मिनटिलर वितरण गरेको कृषि विकास शाखाका कृष्ण डुब्रेले बताए । सो अवसरमा पालिका क्षेत्रका अगुवा कृषक तथा कृषि फार्मका लागि शत्प्रतिशत अनुदानमा बेमौसमी तरकारी खेतीका लागि २६ वटा टनेल प्लाष्टिक र १६ थान प्लाष्टिक पोखरी, मकै चरी घाँसको विऊ वितरण गरिएको डुब्रेले जानकारी दिए ।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले सामाग्रीहरू किसानलाई हस्तान्तरण गरेका हुन् । सामाग्री पाएपछि किसानहरूले खुशी व्यक्त गरेका थिए । कृषियन्त्र तथा सामाग्री वितरण कार्यक्रममा पालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला, सामाजिक विकास शाखाकी पुजा अर्याल, योजना शाखाका चुन नारायण श्रेष्ठलगायतकाको उपस्थिती रहेको थियो ।

# प्रांगारिक कृषि उत्पादन सम्बन्धी अभिमुखीकरण तालिमं

◆ विकास संवाददाता

मकवानपुरको मकवानपुरगढी गाउँपालिका कृषि विकास शाखाको आयोजनामा दुई दिने प्रांगारिक कृषि उत्पादन प्रमाणीकरणका लागि सहभागीतामूलक गुणस्तर निर्धारण पद्वती अभिमुखीकरण तालिम भएको छ ।

मकवानपुरगढी गाउँपालिका वडा न २ पौवाडाँडामा २३ र २४ चैतमा तालिम भएको हो । पौवाडाँडा कृषक समूहमा आवद्व कृषकहरूलाई प्रांगारिक कृषि उत्पादन र प्रमाणीकरण सम्बन्धिको विधि र प्रक्रियाको बारेमा तालिम दिइएको थियो । पालिकाको २ नम्बर वडाका अधिकांश कृषकहरू परम्परागत रूपमा गोठेमल र पशुमुत्रको प्रयोग गरि उत्पादन गर्दै आईरहेको र थोरै मात्रामा रसायनिक मलको प्रयोग भईरहेको अवस्थामा प्रांगारिक खेतीलाई अझ व्यवस्थित बनाउन कृषकहरूलाई संगठित बनाई संस्थागत रूपमा प्रांगारिक उत्पादन संगै प्रमाणीकरण गर्ने, गराउने लक्ष्य पालिकाको रहेको छ ।

# भिमफेदीका जनप्रतिनीधि र वडाका कर्मचारीलाई 'अभिमुखीकरण

◆ विकास संवाददाता

मकवानपुर भिमफेदी गाउँपालिकाको आयोजनामा दुई दिवसीय सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रम २६ चैतमा सम्पन्न भएको छ । पालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना इकाईले व्यवस्थापन गरेको तालिममा वडाका जनप्रतिनिधी, वडा सचिव, सहायकहरू लगाएतको सहभागिता रहेको एमआइएस अपरेटर सृजना स्याङ्तानले बताइन् ।

तालिम पालिकाको वडा नम्बर ६ का अध्यक्ष सीताराम थापाको सभाध्यक्षतामा समापन कार्यक्रम भएको थियो । कार्यक्रममा अध्यक्ष थापाले यस अभिमुखिकरण तालिमले वडा कार्यालयमा काम गर्ने कर्मचारीहरूलाई सहयोग मिलेको बताए । उनले नीति नियममा र सिस्टममा परेको समस्याको समाधान भएको पुर्ण विश्वास भएको बताए ।

गाउँपालिकाको सभाहलमा संचालन भएको तालिमका सहभागीहरूलाई थाहा नगरपालिकाको पञ्जिकरण शाखा प्रमुख सुरज कुमार भुजेल, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका एम.आइ.एस. तालिम प्रदिप बुढाथोकी र छवि लाल न्यौपानेले सहजिकरण गरेको फिल्ड सहायक मनोज तितुङले जानकारी दिए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# महिलालाई जुत्ता चप्पल बनाउने तालिम

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाको आयोजनामा मखमलको जुत्ता बनाउने तालिम भएको छ । पालिकाको लघुउद्यम विकास कार्यक्रम अन्तर्गत १५ दिने तालिम भएको हो ।

थाहा नगरपालिका वडा नम्बर २ मा भएको तालिममा सहभागीहरूले मखमलको जुत्ता, चप्पल, डबल फित्ता चप्पत, क्रस चप्पल, खाप्पा चप्पल, किचन सुज, सिम्पल बेहलुली चप्पल, इण्डियन चप्पल गरी ७ किसिमको चप्पल बनाउन सिकाइएको लघुउद्यम विकास सहजकर्ता सुनिता बुढाले जानकारी दिइन् । तालिममा २५ जनाको सहभागिता रहेको थियो । तालिमका सहभागीहरूलाई दिया महत्तोले प्रशिक्षण दिएको थाहा नगरपालिकाकी लघुउद्यम सहजकर्ता माया पाण्डेले जानकारी दिइन् ।

तालिमको थाहा नगरपालिका वडा नम्बर २ की वडा सदस्य तथा कार्यपालिका सदस्य जानुका ढकालको अध्यक्षतामा सम्पन्न भएको थियो । तालिमका सहभागीहरू अष्ट भैरव लघुउद्यमी समूहका महिलाहरूको सहभागिता रहेको थियो ।

# थाहाः अनलाइनमा... ...

सुरज कुमार भुजेलले बताए ।

विभागले देशभरबाट ३२ स्थानीय तहलाई सम्मान गरेको थियो । विभागको तेस्रो वार्षिक उत्सवको अवसरमा २०७४ असोज ३० मा अनलाइन प्रणाली संचालन गर्ने पालिकाहरूलाई सम्मान गरेको हो । 'अनलाइन घटना दर्ता र सामाजिक सुरक्षा मात्र हैन, हामी पालिका र वडाका धेरै सेवा प्रवाहलाई अनलाइनमा आधारित बनाउँदै छौं–'प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले भने । अहिले विभागकै परियोजना अन्तर्गत एम.आइ.एस. इकाइ स्थापना भएपछि प्रणाली प्रयोग र सेवा प्रवाहमा निकै सहजता आएको प्रशासकीय अधिकृत पुरीको भनाइ छ । नागरिक जन्मने वित्तिकैदेखि मृत्यूसम्म जोडिने घटना दर्तालाई महत्वकासाथ लिँदै यसको व्यवस्थापनमा संघीय सरकारले देखाएको चासोप्रति पुरीले धन्यवाद दिए । एम.आइ.एस. इकाइको जनशक्ती निरन्तरता र क्षमता विकासमा पनि संघ र प्रदेश सरकारले सहयोग गर्नुपर्ने उनको सुझाव छ । 'स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तथ्याङ्क व्यवस्थापन पालिकाले गर्नुपर्छ भनिएको छ तर हामीसंग सोच छ, स्रोत छैन' प्रशासकीय अधिकृत पुरीले भने–'स्थानीय पालिकाको सोचलाई आर्थिक स्रोतको अभावकै कारण कार्यान्वयन गर्न नसक्ने अवस्थाबाट संघीय सरकारले पार लगाउनु पर्छ, काम हामी गर्छौं ।'

## मेयरको नारा, व्यवहारमा

थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्टले आफूले उमेद्वारी दिदै गर्दा सूचना प्रविधिका चुनावी नारा बनाएका थिए । पालिकालाई सूचना प्रविधिमैत्री बनाउने उनको घोषणापत्रमै लेखीएको थियो । उनले घोषणापत्रमा–'नगरपालिकाबाट प्रवाह गर्ने सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउनेछ' लेखेका थिए ।

सपना बाँड्ने भन्दापनि सक्ने कुरा बोल्यौं भने सफल भइन्छ भन्ने उदाहरण आफू भएको मेयर विष्ट बताउँछन् । उनले घोषणा पत्रमा उल्लेख गरेझैं पालिकाको आम्दानी खर्च चौमासिक



रूपमा वेभसाइट मार्फत सार्वजनिक गर्ने गरेका छन् । उनी भन्छन्–'हामी परदर्शी भए जनताले पनि बुझ्छन् सूचना दिन र प्रविधि अपनाउन 'कम्परमाइज' गर्दिन' मेयर विष्टले भने–'यसको ज्वलन्त उदाहरण मेरो पालिकाको सूचना अधिकारी सुरज कुमार भुजेल राष्ट्रिय सूचना आयोगको मुल्याङ्कनमा देशभरमै उत्कृष्ट भई पुरस्कृत भएका छन् ।'

कोरोना भाइरस संक्रमण तथा रोकथामका बेला दिनदिनैको आयव्यय र दैनिक क्रियाकलाप सार्वजनिक गरेर चर्चामा आएका मेयर विष्ट आफू सँधै पारदर्शी र सूचना प्रविधि मैत्रीको पक्षमा प्रतिवद्ध भएको बताउँछन् । अनलाइन घटना दर्ता र सामाजिक सुरक्षा अनलाइन पनि यसकै एउटा पक्ष भएको बताउँदै सूचना प्रविधिमा आधारित 'नयाँ कन्सेप्ट' भए तत्काल प्रस्ताव राख्न उनले कर्मचारीहरूलाई निर्देशन दिने गरेका छन् ।

थाहा नगरपालिकाका नगर प्रमुख विष्ट नेपाल नगरपालिका संघको विषयगत समिति अन्तर्गत तथ्याङ्क, सूचना र प्रविधि तथा स्मार्ट सिटि समितिको संयोजक समेत हुन् ।

# दुर्लभ र महंगो बहुउपयोगी गुच्ची च्याउ मकवानपुरको चित्लाङमा भेटियो

◆ विकास संवाददाता

कर्णाली र सुदुरपश्चिम प्रदेशका उच्च पहाडी क्षेत्रमा पाइने अति महँगो गुच्ची च्याउ मकवानपुरको चित्लाङमा पनि भेटिएको छ । यसअघि २०७६ जेठमा यो च्याउ दामनमा भेटिएको थियो । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले कर्णाली प्रदेशमा ५९ प्रतिशत, सुदूरपश्चिम प्रदेशमा २८ तथा अन्य प्रदेशमा १३ प्रतिशत गुच्ची च्याउ उत्पादन हुने तथ्याङ्क सार्वजनिक गरिरहेको बेला चित्लाङमा यो च्याउ फेला परेको हो । थाहा नगरपालिका वडा नम्बर ९ का राजन बलामीको खेतमा गुच्ची च्याउ फेला परेको बलामीले जानकारी दिए ।

चित्लाङको जंगलमा नभई खेतकै डिलमा गुच्ची च्याउ फेला परेको राजन बलामीले बताए । यस किसिमको च्याउन जंगलमा पनि पाइने बलामीले बताए । यो जातको च्याउ डेढ वर्ष अघि चित्लाङको सातधारा आसपासमा स्थानीय निर्मल बलामीले पनि फेला पारेका थिए । गुच्ची च्याउ लगायत उच्च पहाडि क्षेत्रमा पाइने धेरै जंगली खाद्यफल चित्लाङ क्षेत्रमा पाइन्छ । गुच्चीसहित मृगे च्याउ, कन्ने चाउ, गोठाले च्याउ, खरानी च्याउ, ऐँसेलु, काफल, गुफ्ला, सिँगौटा, चुत्रो, कटुस लगायत जंगली खाद्यफल पाइने गरेको स्थानीयहरू बताउँछन् ।

फागुनदेखि उम्रने गुच्ची च्याउ वर्षासहित पर्ने चट्याङ र मेघ गर्जनको आवाजले मात्र उम्रने जनविश्वास छ । भीरपाखासहित समथर वनमा पाइने गुच्ची च्याउ चित्लाङ क्षेत्रमा फेला परेपछि मकवानपुरको अन्य पहाडी क्षेत्रमा पनि पाइने अनुमान गर्न थालिएको छ । मकवानपुरकै दामन क्षेत्रमा चैतदेखि जेठको आधाउधीसम्म जंगलमा गुच्ची च्याउ देखिने गरेको छ । यसलाई कतिपयले पोलेर खाने गरेका थिए भने कतिपयले विष लागेर मरिएला भन्ने डरले वास्ता गर्दैनथे । झट्ट हेर्दा च्याउजस्तै नदेखिने भएकाले धेरै जसो स्थानीयले भने स्थानीय रूपमा बाँको भनिने विषालु विरूवाको फूल सम्झने गरेका थिए ।

नास्टका वरिष्ठ वैज्ञानिक जयकान्त रावतका अनुसार विश्व बजारमा च्याउको कूल उत्पादन १५० टन भएकोमा नेपालले ५ देखि १० टन गुच्ची च्याउ निर्यात गर्दै आएको छ । गत वर्ष सुदुर पश्चिम र कर्णाली क्षेत्रमा गुच्ची च्याउ प्रति केजी २० हजारदेखि ३० हजार रूपैयासम्ममा विक्री भएको थियो ।

## के हो गुच्ची च्याउ ?

च्याउलाई विश्वव्यापी रूपमा निकै रूचाइन्छ । नेपालको सन्दर्भमा थुप्रै किसानहरू च्याउ खेतीलाई आम्दानीको स्रोत बनाइरहेका छन् । तर स्वादको कुरा गर्ने हो भने खेती गरि उब्जाइएको भन्दा जंगलमा सिजनमा मात्र पाइने च्याउ बढी स्वादिलो हुने गर्दछन् । जंगलका धेरैजसो च्याउ विषालु हुने गरेपनि खान मिल्ने च्याउ भने स्वादिष्ट हुनाका साथै शरीरका लागि पनि निकै लाभदायक हुने गर्दछन् ।

च्याउहरू मध्येमा गुच्ची च्याउ अर्थात् मोरल मसरूमलाई संसारकै महंगो च्याउमा गनिन्छ । ५०० ग्रामको नै १८ हजारसम्म पर्ने यस च्याउ महंगो हुनाका साथसाथै फाइदाहरू पनि प्रशस्त रहेका छन् ।

# थाहानगरका महिला लघुउद्यमी बन्दै

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको लघुउद्यम विकास कार्यक्रम अन्तर्गत वडा नम्बर १ मा अचार बनाउने सीप सम्बन्धी तालिम भएको छ । स्थानीय स्तरमा उत्पादन हुने तरकारीहरूको सदुपयोग गर्ने र स्वरोजगार बनाउने उद्देश्यले अचार बनाउने तालिम भएको हो ।

तालिममा सुनौलो लघुउद्यमी समूहका १० जना महिलाहरू सहभागी भएको लघुउद्यम सहजकर्ता सुनिता बुढाले जानकारी दिइन् । सहभागीहरूलाई ज्योति गिरीले तालिम दिएकी हुन् । सहभागी महिलाहरूलाई काउली, बन्दा, मूला, गाजर, कागती, अकबरे खुर्सानी, माछे खुर्सानी, मासु, मेथी, लसुन, मिक्स लगायत ११ किसिमको अचार बनाउन सिकाइएको लघुउद्यम सहजकर्ता मायाँ पाण्डेले जानकारी दिइन् ।

सीप सिकेपछि सहभागीहरूले प्रयोगात्मक अभ्यास गर्दै अचार बनाएर चखाएका थिए । तालिम समापन कार्यक्रम वडा नम्बर १ का वडा अध्यक्ष हेरमान गोपालीको सभाध्यक्षतामा भएको थियो । तालिमपछि अध्यक्ष गोपालीले सीप विकास र स्वरोजगार हुने अवसरको शुभारम्भ भएको प्रतिक्रिया दिए ।

# थाहानगरका २५ जनालाई आधारभूत पत्रकारिता तालिम

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको सहयोगमा एकहप्ते आधारभूत पत्रकारिता तालिम भएको छ । थाहा टाइम्स मिडिया प्रा.लि.को आयोजनामा १६ चैतबाट शुरू भएको पत्रकारिता तालिम २२ चैतमा एक कार्यक्रमकाबीच समापन गरिएको हो । तालिममा २५ जनाको सहभागिता रहेको थियो ।

पालुङ बहुमुखी क्याम्पसमा भएको तालिम समापन कार्यक्रममा क्याम्पस प्रमुख रामहरी अधिकारीले स्नातक अध्ययनरत मानविकी संकायका विद्यार्थीको पाठ्यक्रममा समेत रहेको पत्रकारिता विषयलाई अध्ययन गर्न तालिमले सहज बनाएको बताए । विद्यार्थीहरूलाई देशको चौथो अंग




पत्रकारिता पेशामा अगाडि बढ्न तालिम कोशेढुङ्गा साबित हुने बताउदै सहभागीहरूलाई शुभकामना दिए । थाहा नगरपालिका सूचना अधिकारी सुरज कुमार भुजेलले तालिम पश्चात् प्रमाणपत्र झुण्ड्यार नराखी सीपलाई व्यवहारमा उतार्न सुझाव दिए । उनले नगरमा संचालित संचार माध्यममा प्रशिक्षार्थी भई काम गर्ने इच्छा भए त्यसका लागि पालिकाले संचार गृहसंग समन्वय गरिदिने बताए । उनले हाल संचार गृहमा भएको जनशक्ती अभावलाई रोजगारीसंग जोड्न तालिमले सहयोग गर्ने धारणा राखे ।

तालिम संयोजक तथा पत्रकार शम्भु अधिकारीको अध्यक्षतामा भएको समापन कार्यक्रममा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रममा पालुङ क्याम्पसका सहायक क्याम्पस प्रमुख राजन मिश्र, मुख्य प्रशिक्षक पत्रकार कुमार नेगीले सहभागीहरूलाई शुभकामना दिएका थिए भने सहभागीहरूले सिकेको सीपका विषयमा मन्तव्य व्यक्त गरेका थिए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## आगलागीबाट सावधानी अपनाऔं ।

निम्न कारणबाट आगलागी हुन सक्छ,


- आगोको प्रयोगमा होसियारी नअपनाउँदा,
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

– विकास खबरपत्रिका










● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी